REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date:24.11.2025

---

*MSU छात्रा राधिका छेत्री ताइवानमा हुने वर्ल्ड स्किल्स एसिया 2025 मा भारतको प्रतिनिधित्व गर्ने*

मेधावी स्किल्स युनिभर्सिटी, सिक्किमबाट इमर्जेन्सी मेडिकल टेक्नोलोजीमा अध्ययनरत छात्रा राधिका छेत्रीलाई वर्ल्ड स्किल्स एसिया 2025 प्रतियोगितामा भारतको प्रतिनिधित्व गर्न छनोट गरिएको छ। यो कार्यक्रम 27 देखि 29 नोभेम्बर सम्म चीनको ताइपेईमा हुनेछ।

राधिकाले इन्डिया स्किल्स 2025 मा स्वास्थ्य र सामाजिक हेरचाहमा रजत पदक जितेपछि टिम इन्डियामा आफ्नो स्थान सुरक्षित गरिन्। उनको जित सिक्किमको पहिलो राष्ट्रिय स्तरमा सहभागिता र पदकको रूपमा ऐतिहासिक क्षण हो। यो उपलब्धिसँगै, MSU, इन्डिया विश्वविद्यालय पनि बनेको छ।

---

*सिक्किमका मुख्यमन्त्रीले धर्मेन्द्रको निधनमा शोक व्यक्त गरे*

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले अभिनेता धर्मेन्द्रको निधनमा हार्दिक समवेदना व्यक्त गर्दै उनालई एक कालातीत आइकनको रूपमा वर्णन गर्नुभयो जसको निधनले भारतीय सिनेमाको एक यादगार अध्यायलाई बिस्तारै समाप्त गरेकोछ। श्री तामाङले धर्मेन्द्रको परिवार, प्रियजनहरू र उनको कामालई कदर गर्ने असंख्य प्रशंसकहरूप्रति पनि समवेदना व्यक्त गर्नुभयो।

---

*सिक्किमले भारतको सर्वश्रेष्ठ ट्रेकिङ सर्किट को लागि स्वर्ण पुरस्कार जित्यो*

नयाँ दिल्लीमा आयोजित आउटलुक ट्राभलर अवार्ड 2025 मा सिक्किमको प्रसिद्ध गोएचा ला जोंगरी सर्किटको लागि भारतको सर्वश्रेष्ठ ट्रेकिङ सर्किट को स्वर्ण पुरस्कार जितेको छ।

समारोहमा सिक्किमको प्रतिनिधित्व गर्दै, पर्यटन तथा नागरिक उड्डयन विभागका मन्त्री छिरिङ थेन्डुप भुटियाले विविध प्रस्तावहरू मार्फत पर्यटन क्षेत्रलाई बढ़ाउन राज्यको निरन्तर प्रयासहरूको बारेमा विस्तृत रूमा वर्णन गरे। यसमा सम्पदा सर्किट, आध्यात्मिक र युद्धभूमि पर्यटन, साहसिक गतिविधिहरू, र पर्यावरण मैत्री ग्रामीण अनुभवहरू समावेश छन्। बियोन्ड द स्टे हवाट कम्युनिटी टुरिज्म रियलली लुक्स लाइक इन सिक्किम शीर्षक भएको समर्पित प्यानल छलफलमा रिन्चेनपोङ पर्यटन विकास समिति र सोरेङ पर्यटन विकास संघका प्रतिनिधिहरू सहभागी थिए।

---

*मंगन जिल्लामा एमएसएमई कार्यशाला*

उत्तर- पूर्वी क्षेत्र (एनईआर) र सिक्किम योजनामा सूक्ष्म साना तथा मझौला उद्यम को प्रवर्द्धन सम्बन्धी जागरूकता कार्यशाला भोलि मंगन बजारमा आयोजना हुनेछ। यस कार्यक्रमको उद्देश्य एमएसएमई मन्त्रालयको विभिन्न प्रवर्द्धनात्मक योजनाहरू अन्तर्गत उद्यमीहरूलाई सशक्त बनाउनु र सहयोग गर्नु हो, जसमा उत्तर पूर्व र सिक्किममा एमएसएमईको प्रवर्द्धन योजना पनि समावेश छ। समाज कल्याण, महिला तथा बाल विकास मन्त्री समदुप लेप्चा कार्यशालामा प्रमुख अतिथिको रूपमा उपस्थित हुनेछन्।

---

*मिस्टर एसिया एण्ड वर्ल्ड च्याम्पियनशिप 2025 को लागि संजय बुदाथोकी निर्णायकको रूपमा छनोट*

भारतका प्रसिद्ध अन्तर्राष्ट्रिय खेलाड़ी संजय बुदाथोकीलाई युनाइटेड वर्ल्ड स्पोर्टस एण्ड फिटनेस फेडरेशन अन्तर्गत, आयोजना गरिएको प्रतिष्ठित मिस्टर एसिया एण्ड वर्ल्ड च्याम्पियनशिप 2025 को लागि अन्तर्राष्ट्रिय निर्णायकको रूपमा छनोट गरिएको छ।

बुदाथोकीको यो प्यानलमा समावेश हुनु एक महत्वपूर्ण कोसेढुङ्गा हो, किनकि उनी यस विश्वव्यापी च्याम्पियनशिपमा भारतको प्रतिनिधित्व गर्ने एक मात्र जज हुन्। उनको छनोटले उनलाई इटली, इङगल्याण्ड जस्ता देशका शीर्ष निर्णायकहरूसँगै राखेको छ।

---

*मसला बोर्ड, गान्तोकले भोलि राङकामा क्रेता- विक्रेता बैठक आयोजना गर्ने*

भारत सरकारको वाणिज्य तथा उद्योग मन्त्रालय अन्तर्गतको मसला बोर्ड, क्षेत्रीय कार्यालय, गान्तोकले भोलि राङका, गान्तोकमा क्रेता- विक्रेता बैठक आयोजन गरिरहेको छ, जसको उद्देश्य ठूला अलैंची, डल्ले खोर्सानी, अदुवा र हर्दी सामेल सिक्किमका प्रिमियम मसलाहरूको बजार सम्बन्ध बढ़ाउने र निर्यात प्रवर्द्धन गर्ने हो। यो कार्यक्रम यी मसलाहरूको सम्पूर्ण आपूर्ति शृङ्खलालाई एकीकृत गर्ने र स्थानीय निर्यातकर्ता, व्यापारी र किसानहरूलाई सहयोग गर्ने बोर्डको प्रयासको एक हिस्सा हो। सिक्किम र उत्तर बङगालका क्षेत्र प्रचार अधिकारीहरू, प्रगतिशील किसानहरू, किसान समाजहरू, प्रशोधकरहरू र व्यापारीहरू सहित लगभग 150 सहभागीहरू, साथै भारतभरका खरीददारहरू र निर्यातकर्ताहरू, नयाँ मार्केटिङ च्यानलहरू को पत्तो लगाउने र मूल्य प्राप्ति सुधार गर्ने भेला हुनेछन्। सिक्किम सरकारको वाणिज्य तथा उद्योग, पर्यटन तथा नागरिक उड्डयन विभागका मन्त्री छिरिङ थेन्डुप भोटियाले यस कार्यक्रममा मुख्य अतिथिको रूपमा उपस्थिति जनाउनेछन्।

---

*गभर्नर गोल्ड कप*

अन्तिम क्वार्टरफाइनल खेल भोलि साँझ कोलकाताको इस्ट बंगाल फुटबल क्लब र सर्भिसेज फुटबल टोलीबीत खेलिनेछ।

घरेलु टोली सिक्किम ड्रयागन्स फुटबल क्लबले पाल्जोर स्टेडियममा जारी 51 औं अखिल भारतीय गभर्नर्स गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता 2025 को सेमिफाइनल चरणमा प्रवेश गरेकोछ।

आज साँझ फ्लडलाइटमा खेलिएको तेस्रो क्वार्टरफाइनल खेलमा, सिक्किम ड्रयागन्सले वर्तमान च्याम्पियन नर्थ इस्ट युनाइटेड फुटबल क्लबलाई 2-1 ले पराजित गर्दै प्रतियोगिताको अर्को चरणमा प्रवेश गरेको हो।

---